अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०२/३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादी गोपाल रसाईली, पल्टु राना, पुष्कल चौधरी, तुलादत्त जोशी, चन्द्र प्रसाद चौधरी र पुष्पराज भट्ट अनिता गुप्ता, लक्ष्मी विष्ट, गिता देवी सिंह, फुन्नी कपाडी, जानकी कुमारी हमाल, पद्मादेवी ओझा, मान बहादुर थापा, गुमा देवी पन्त, लक्ष्मी देवी बडुवाल, कृष्ण कुमार निरौला, विशन सिंह थापा, शंकर बहादुर विष्ट, अशोक कुमार भण्डारी, दलजित भट्ट, जय बहादुर विष्ट, घनश्याम दत्त बिष्ट, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, भीम सिंह रावल, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट, मोहन चन्द ठकुरी र पुष्पराज जोशी, लिलावती धामी,	सरकारी सार्वजनिक सम्पत्ति को गैरकानुनी रुपमा दर्ता भोग चलन।	• **महेन्द्रनगर विकास समितिका तत्कालीन अध्यक्षहरु प्रतिवादीहरु गोपाल रसाईली, पुष्कल चौधरी र पल्टु रानाको हकमाः** यी प्रतिवादीहरुले एकल तोक आदेशको भरमा सरकारी जग्गा वितरण गरेको तथ्य पुष्टि भएकोले निज प्रतिवादीहरु मध्येका गोपाल रसाईलीको हकमा बिगो रु.८,८५,०००।- कायम गरी, प्रतिवादी पल्टु रानाको हकमा बिगो रु.३७,९२,०००।- कायम गरी र प्रतिवादी पुष्कल चौधरीको हकमा बिगो रु.३,७४,८८०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन तथा यी प्रतिवादीहरु नगर विकास समितिको अध्यक्षको पदमा रही उक्त वारदातमा संलग्न रहेको देखिँदा निज उपर सोही ऐनको दफा २४ बमोजिम थप सजाय गरी उल्लिखित बिगो रकम ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन। • **महेन्द्रनगर विकास समितिका तत्कालीन सदस्य सचिव प्रतिवादी चन्द्र प्रसाद चौधरीको हकमा** बिगो रु.५,१४,८७३।५० कायम गरी, नायव सुब्बा प्रतिवादी पुष्पराज भट्टको हकमा बिगो रु.३,०७,२०,९३८।- कायम गरी र अमिन प्रतिवादी तुलादत्त जोशीको हकमा बिगो रु.४६,४२,०००।- कायम गरी निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरमा सोहो दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन बिगो रकम ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन। • **मालपोत कार्यालय कञ्चनपुरका तत्कालीन**	• **कसूर ठहर भएका प्रतिवादीहरु गोपाल रसाईली, पल्टु राना, पुष्कल चौधरी, तुलादत्त जोशी, चन्द्र प्रसाद चौधरी र पुष्पराज भट्टको हकमाः-** • (१) प्रस्तुत वारदातको सम्वन्धमा मिसिल संलग्न आधार प्रमाणबाट प्रतिवादीहरु गोपाल रसाईली, पल्टु राना र पुष्कल चौधरी महेन्द्र नगर नगर विकास समितिको अध्यक्षको हैसियतमा टिप्पणी सदर गर्ने भुमिकामा रहेको देखिन्छ भने सो समितिको अमिन तुलादत्त जोशी र ना.सु. पुष्पराज भट्टले टिप्पणी उठाई पेस गरेको देखिन्छ । समितिका सदस्य सचिव चन्द्र प्रसाद चौधरीले प्रतिवादी लिलावती धामीको नाममा निर्णय नै नभएको कि.नं. ६४१ को जग्गा दर्ता गर्नु भनी अनधिकृत रुपमा मालपोत कार्यालयमा पत्राचार गरेको देखिन्छ । यसरी निज प्रतिवादीहरुले प्रचलित कानुनी व्यवस्था विपरीत नगर विकास समितिको निर्णय बेगर नै सो समितिको स्वामित्वमा रहेका जग्गाहरु विभिन्न व्यक्तिहरुलाई बदनियत राखी बिक्री वितरण गर्ने कार्यमा सरिक भएको पाइन्छ । यी प्रतिवादीहरुले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) अन्तर्गतको कसुर भएकोले सो कसुरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम जनही एक वर्ष छ महिना कैद र बिगोको हकमा प्रतिवादी गोपाल रसाईलीको हकमा रु.८,५०,०००/- को दामासाहीले	• **मुद्दाको संक्षिप्त बेहोराः-** महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको साविक महेन्द्रनगर नगरपालिका अन्तर्गतको कित्ता नं. ६४१, ३०२५, ७४, ११८०२, ७२३, १३४१ र ११९६ गरी जम्मा ७ (सात) कित्ता जग्गाहरुको जम्मा क्षेत्रफल २७२०.०४ वर्गमिटरको तत्कालिन न्यूनतम मुल्यांकन अनुसार रु. ८८,५२,२७३.५०।- बराबरको जग्गा विधि र प्रक्रिया विपरीत सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता स्रेस्ता कायम गरी गराई सरकारी जग्गा हानी नोक्सानी गरे गराएको देखिएकाले सो कार्यमा संलग्न तत्कालीन महेन्द्रनगर नगर विकास समितिका पदाधिकारीहरु, समितिमा कार्यरत कर्मचारीहरु, सो जग्गा दर्ता स्रेस्ता कायम गर्ने कार्यमा संलग्न मालपोत कार्यालयका कर्मचारीहरु, कित्ता काट प्रक्रियामा संलग्न नापी कार्यालयका कर्मचारीहरु तथा जग्गा खरिद गर्ने व्यक्तिहरु उपर विशेष अदालत समक्ष मुद्दा दायर भएको छ । • **आरोप दावीको कसूर ठहर भई दावीको विगोको दामासाहीले जरिवाना हुने ठहर भएका प्रतिवादी गोपाल रसाईली, पल्टु राना, पुष्कल चौधरी, तुलादत्त जोशी, चन्द्र प्रसाद चौधरी र पुष्पराज भट्ट तथा जग्गा जफत प्रयोजनका लागि मात्र प्रतिवादी कायम गरिएका हाल कायम हुन आएका जग्गाधनीहरु अनिता गुप्ता, लक्ष्मी विष्ट, गिता देवी सिंह, फुन्नी कपाडी, जानकी कुमारी हमाल, पद्मादेवी ओझा, मान बहादुर थापा, गुमा देवी पन्त, लक्ष्मी देवी बडुवालको हकमा पुनरावेदन गर्नु परेन ।** • **विशेष अदालतबाट निम्न प्रतिवादीहरुको हकमा सफाई दिने ठहर गरी भएको फैसला देहायको आधार र कारणबाट बदरभागी रहेको छः-** • **प्रतिवादीहरु मालपोत कार्यालय कन्चनपुरका तत्कालीन प्रमुख मालपोत अधिकृत कृष्ण कुमार निरौला, मालपोत अधिकृतहरु विशन सिंह थापा, अशोक कुमार भण्डारी, शंकर बहादुर विष्ट तथा शाखा अधिकृतहरु दलजित भट्ट, जय बहादुर विष्ट, घनश्याम दत्त विष्ट, नायव सुब्बाहरु गणेश बहादुर ऐर, नयन सिंह कुँवर, भिम सिंह रावल, खरिदारहरु नरेन्द्र बहादुर ऐर, नमराज भट्टको हकमाः** नगर विकास ऐन, २०४५ को दफा ४ मा नगर विकास समितिको गठन सम्बन्धी व्यवस्था रहेको र सोही ऐनको दफा ४.२ ले उक्त समितिमा रहने सदस्यहरुमा मालपोत कार्यालयको प्रमुख तथा प्रतिनिधि समेत सदस्य रहने व्यवस्था भएको हुँदा सोही व्यवस्था अनुरुप मालपोत कार्यालयको प्रतिनिधि वा प्रमुख समेतको उपस्थितिमा नगर विकास समितिको बैठक बसी समितिको बैठकले निर्णय गरे बमोजिम नगर विकास ऐन तथा नगर विकास निर्देशिका समेतले तय गरेका कानूनी प्रावधानका आधारमा जग्गा बिक्री वितरण गर्नु पर्नेमा सो नगरी नगर विकास समितिका अध्यक्षहरुको एकल तोक आदेशका आधारमा समितिका तत्कालिन नायब सुब्बा पुष्पराज भट्टले आदेशानुसार भनी गरेको पत्राचारको मात्र आधारलिई नगर विकास समितिका कर्मचारीहरुसँग मिलेमतो तथा मोलाहिजा गरी हचुवाको भरमा नगर विकास समितिको स्वामित्वमा रहेको जग्गाहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामीलाई भूमिसुधार तथा मालपोत कार्यालयका यी कर्मचारीहरु कृष्ण कुमार निरौला, विशन सिंह थापा, शंकर बहादुर विष्ट, अशोक कुमार भण्डारी, दलजित भट्ट, जय बहादुर विष्ट, घनश्याम दत्त बिष्ट, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, भीम सिंह रावल, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट समेत संलग्न भई वितरण गरेको मालपोत कार्यालय कन्चनपुरबाट प्राप्त निर्णय मिसिल समेतका कागजातबाट देखिन आई प्रस्तुत वारदातमा यी प्रतिवादीहरु समेतको संलग्नता रहेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्याँकनको रोहमा त्रुटिपुर्ण भई वदरभागी छ। • **नापी कार्यालय कन्चनपुरका तत्कालीन कित्ताकाटमा संलग्न कर्मचारीहरु मोहन चन्द ठकुरी र पुष्पराज जोशीको**

	जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल, बेलुदेवी कामी र मदन दमाई मु.नं(**०७९-CR-००४४**)फैसला मिति २०८१/०१/२४		**प्रमुख मालपोत अधिकृत प्रतिवादी कृष्ण कुमार निरौला, मालपोत अधिकृत प्रतिवादी विशन सिंह थापा, मालपोत अधिकृत प्रतिवादी अशोक कुमार भण्डारी, मालपोत अधिकृत शंकर बहादुर विष्टको हकमाः** प्रतिवादी कृष्ण कुमार निरौलाको हकमा रु.८,५०,०००।-, प्रतिवादी विशन सिंह थापाको हकमा रु.४६,८१,७५३।५०, प्रतिवादी अशोक भण्डारीको हकमा रु.१६,४०,५२०।- र प्रतिवादी शंकर बहादुर विष्टको हकमा रु.१६,८०,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल हुन। • **मालपोत कार्यालय कञ्चनपुरका शाखा अधिकृतहरु प्रतिवादी दलजित भट्ट, प्रतिवादी जय बहादुर विष्ट, प्रतिवादी घनश्याम दत्त विष्ट, नायव सुब्बाहरु प्रतिवादी गणेश बहादुर ऐर, प्रतिवादी नयन सिंह कुँवर, प्रतिवादी भिम सिंह रावल, खरिदारहरु प्रतिवादी नरेन्द्र बहादुर ऐर, प्रतिवादी नमराज भट्टको हकमाः** प्रतिवादी दलजित भट्टको हकमा रु.४२,२२,०००।-, प्रतिवादी जय बहादुर विष्टको हकमा रु.३४,६४,८७३।५०, प्रतिवादी घनश्याम दत्त विष्टको हकमा रु.३,७४,८८०।- प्रतिवादी गणेश बहादुर ऐरको हकमा रु.८,५०,०००।-, प्रतिवादी नयन सिंह कुँवरको हकमा रु.२१,००,०००।- प्रतिवादी भिम सिंह रावलको हकमा रु.१६,४०,५२०।– प्रतिवादी नरेन्द्र बहादुर ऐरको हकमा रु.८,५०,०००।- र प्रतिवादी नमराज भट्टको हकमा रु.४२,६१,७५३।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरको मतियार भई सोही ऐनको दफा २२ को कसूर गरेकोले सोही दफा २२ बमोजिम दफा ८ को उपदफा (१) बमोजिम	रु.२,८३,३३३/-, प्रतिवादी पल्टु रानाको हकमा रु.३७,९२,०००/- को दामासाहीले रु.१२,६४,०००/-, प्रतिवादी पुष्कल चौधरीको हकमा रु.३,७४,८००/-, प्रतिवादी चन्द्र प्रसाद चौधरीको हकमा रु.५,१४,८७३।५०, प्रतिवादी पुष्पराज भट्टको हकमा रु.४६,४२,०००/- को दामासाहीले रु.१५,४७,३३३/- र कि.नं. ११९६ को बिगो रु.१६,८०,०००/- समेत जम्मा रु.३२,२७,३३३/-, प्रतिवादी तुलादत्त जोशीको हकमा रु.४६,४२,०००/- को दामासाहीले रु.१५,४७,३३३/- जरिबाना हुने ठहर्छ । साथै प्रतिवादीहरु गोपाल रसाईली, पल्टु राना र पुष्कल चौधरीलाई उक्त ऐनको दफा २४ बमोजिम जनही थप छ महिना कैद सजाय हुने ठहर्छ। अभियोग दावीमा उल्लिखित विभिन्न प्रतिवादीहरुको नाममा रहेका कि.नं. र सोबाट परिवर्तन भएका कित्ता जग्गाहरु समेत सोही ऐनको दफा ४७ बमोजिम जफत भई उक्त नगर विकास समितिको नाउँमा कायम हुने ठहर्छ। • **सफाई पाउने ठहर भएका अन्य प्रतिवादीहरुको हकमाः-** • **प्रतिवादीहरु कृष्ण कुमार निरौला, विशन सिंह थापा, शंकर बहादुर विष्ट, अशोक कुमार भण्डारी, दलजित भट्ट, जय बहादुर विष्ट, घनश्याम दत्त बिष्ट, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, भीम सिंह रावल, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट, मोहन चन्द ठकुरी र पुष्पराज जोशीको हकमा** विचार गर्दा, महेन्द्रनगर विकास समितिको नाममा रहेको विवादको जग्गाहरु व्यक्ति विशेषको नाममा दर्ता	**हकमाः**- नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिम नगर विकास समितिको बोर्डमा नापी कार्यालयको प्रतिनिधि पदेन सदस्य रहने व्यवस्था देखिन्छ । नगर विकास समितिको बैठकमा नापी कार्यालयका कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधिले प्रतिनिधित्व गर्ने गरेको मिसिल संलग्न कागजातहरुबाट देखिन्छ। नापी कार्यालयका कार्यालय प्रमुखले नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा मालपोत कार्यालयबाट व्यक्तिका नाउँमा जग्गाधनी दर्ताश्रेस्ता कायम गर्ने प्रयोजनार्थ कित्ताकाटका लागि पत्राचार भई आएका अवस्थामा कित्ताकाट गर्नुपूर्व प्राप्त पत्रको ब्यहोरा एवं प्रमाण समेत बुझि कित्ताकाट गर्नुपर्ने जग्गाको स्वामित्वको बैधानिकता परिक्षण गर्ने, जग्गाको श्रोत यकिन गर्ने तथा नगर विकास समितिको स्वामित्वको जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने सम्बन्धमा नगर विकास समितिबाट निर्णय भएको भनिएको विषय आफु समेत सदस्य रहने नगर विकास समितिको बैठकमा उपस्थित भई निर्णय नगरेको अवस्थामा नगर विकास समितिबाट निर्णय भई आएको हो होइन सो समेत बुझि कित्ताकाट गर्न मिल्ने नमिल्ने यकिन गरेर मात्र कित्ताकाट गर्नुपर्नेमा तत्कालीन नापी कार्यालयका प्रमुखले सो सम्बन्धमा कुनै आधार प्रमाण नबुझि वदनियत राखी मालपोत कार्यालयको पत्रको आधारलिई नगर विकास समितिका कर्मचारीहरुसँग मिलेमतो तथा मोलाहिजा गरी हचुवाको भरमा नगर विकास समितिको स्वामित्वमा रहेको जग्गाहरु अन्य व्यक्तिका नाममा हक हस्तान्तरण गर्न कित्ताकाट गर्ने कार्यमा संलग्न भएको मालपोत कार्यालय कन्चनपुरबाट प्राप्त निर्णय मिसिल समेतका कागजातबाट देखिन आई प्रस्तुत वारदातमा यी प्रतिवादीहरु मोहन चन्द ठकुरी र पुष्पराज जोशीसमेतको संलग्नता रहेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्याँकनको रोहमा त्रुटिपुर्ण भई वदरभागी छ। • **नगर विकास समितिबाट प्रथम तहमा जग्गा खरिद गर्ने प्रतिवादीहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामीको हकमाः**- प्रतिवादीहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामीले तत्कालीन महेन्द्रनगर नगर विकास समितिबाट जग्गा वितरण गर्दा नगर विकास ऐन, २०४५ को दफा ५, दफा ६, दफा ८, दफा ९, दफा १०, दफा ११, दफा १२ दफा १२क, दफा १२ख ले समितिको जग्गा प्राप्ती, जग्गा विकास तथा विक्रि वितरण समेतका सम्बन्धमा गरेको कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी तथा नगर विकास निर्देशिका, २०६१ को दफा ५ ले व्यवस्था गरेको जग्गा व्यवस्थापन सम्बन्धी प्रकृया अन्तर्गत न्युन आय वर्ग तथा विशेष वञ्चित समुह पहिचान गर्ने आधारहरु, विकसित घडेरीको न्युनतम मुल्य निर्धारण गर्ने तरिका, विकसित घडेरी तथा जग्गा वितरण गर्दा अपनाउनु पर्ने प्रणालि (बोलपत्र, चिठ्ठा, विशेष निर्णय अन्तर्गत विकसित घडेरी तथा जग्गाको व्यवस्था) जग्गाको मुल्य चुक्ता गर्ने सम्बन्धी व्यवस्था, न्युन आय वर्ग र विशेष वञ्चित समुहलाई शर्त सहित जग्गा उपलब्ध गराउनु पर्ने सम्बन्धी कुनै प्रकुया अवलम्वन नै नगरी जग्गा वितरण गर्ने विषय समितिको बैठकबाट निर्णय नगराई केवल समितिका अध्यक्षबाट अवैधानिक तोक आदेशका रितबाट भएको र जग्गा वितरण तथा प्राप्ती गर्ने सम्बन्धी प्रकृयामा समितिका पदाधिकारी तथा कर्मचारीहरुसँगको व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा जग्गा प्राप्त गर्ने उद्देश्यकासाथ निज प्रतिवादीहरुले ठाडो निवेदन दिई कर्मचारीहरुमार्फत् टिप्पणी उठाई पेश गराई तत्कालीन समितिका अध्यक्षहरु गोपाल रसाईली, पल्टु राना र पुष्कल चौधरीद्वारा भएको एकल तोक आदेश तथा समितिमा निर्णय नै नभएको विषयलाई निर्णय भएको भनी गरेको पत्राचार गरेको, औद्योगिक क्षेत्रको लागि समिति गठन गर्न भएको निर्णयलाई आधार बनाई जग्गा वितरण गर्ने भनी भएको पत्राचारको आधारमा मालपोत कार्यालय कन्चनपुरका तत्कालीन प्रमुखहरु र कर्मचारीहरु तथा नापी कार्यालय कन्चनपुरका तत्कालीन प्रमुखहरुबाट दर्ता स्रेस्ता कायम एवम कित्ताकाट गराई समितिको स्वामित्वमा रहेको सरकारी जग्गा आफ्नो नाममा दर्ताश्रेष्ता कायम गरी गराई आफुले व्यक्तिगत लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी गर्ने र उक्त जग्गा विक्री वितरण गर्ने समेत कार्यमा प्रत्यक्ष संलग्न देखिएकाले महेन्द्रनगर नगर विकास समितिबाट पहिलो तहमा आफ्नो नाममा जग्गा दर्ताश्रेष्ता कायम गर्ने गराउने कसूरजन्य कार्यमा प्रतिवादीहरु लिलावती धामी, जय

			हुने सजायको आधा सजाय हुन। • **नापी कार्यालय कञ्चनपुरका तत्कालीन प्रमुख नापी अधिकृत प्रतिवादी मोहन चन्द ठकुरी र नापी अधिकृत प्रतिवादी पुष्पराज जोशीको हकमाः** प्रतिवादी मोहन चन्द ठकुरीको हकमा रु.८,५०,०००।- र प्रतिवादी पुष्पराज जोशीको हकमा रु.१६,९२,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ज) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल हुन। • **नगर विकास समितिबाट प्रथम तहमा जग्गा खरिद गर्ने प्रतिवादीहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामीको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को खण्ड (ज) बमोजिमको कसुरको सो ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको मतियारको कसुर गरेको देखिएकाले सोही दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा भएको व्यवस्था बमोजिम निज प्रतिवादीहरुले प्राप्त गरेको जग्गाको मूल्य अनुसार बिगो कायम गरी उक्त ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय गरी दफा ८(१) बमोजिम बिगो असुल हुन। • **प्रतिवादी मदन दमाईको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को खण्ड (ज) बमोजिमको कसुरको सो ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको मतियारको कसुरमा बिगो रु.३७,४६,८८०।- कायम गरी उक्त ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय गरी दफा ८(१) बमोजिम बिगो असुल हुन। • **विभिन्न व्यक्तिहरुले प्रथम तहमा जग्गा प्राप्त गरी विभिन्न मितिमा सुक्रीविक्री भई हाल कायम हुन आएका जग्गाधनी प्रतिवादीहरु**	हुँदाको अवस्थामा यी प्रतिवादीहरु मालपोत तथा नापी कार्यालयको कर्मचारीहरु रहेको देखिन्छ । यी प्रतिवादीहरुले आरोपित कसूरमा ईन्कारी वयान गरेको देखिएको र जग्गाको आधिकारिक स्वामित्ववाला महेन्द्रनगर नगर विकास समितिको पत्र बमोजिम प्रक्रियागत रुपमा जग्गाको हक हस्तान्तरण सम्वन्धी गरेको कार्यलाई बदनियतपूर्वक तथा गैरकानुनीरुपमा सार्वजनिक सम्पत्ति अरुको नाममा दर्ता गरेको मान्न मिल्ने देखिएन। अतः सार्वजनिक सम्पत्ति अरुको नाममा दर्ता गर्ने कार्यमा यी प्रतिवादीहरुको बदनियतपूर्वक संलग्नता भएको नदेखिएकोले प्रतिवादीहरु कृष्ण कुमार निरौला, विशन सिंह थापा, शंकर बहादुर विष्ट, अशोक कुमार भण्डारी, दलजित भट्ट, जय बहादुर विष्ट, घनश्याम दत्त बिष्ट, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, भीम सिंह रावल, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट, मोहन चन्द ठकुरी, र पुष्पराज जोशीले आरोपित कसुरबाट **सफाई पाउने ठहर्छ ।** • **नगर विकास समितिबाट प्रथम तहमा जग्गा खरिद गर्ने प्रतिवादीहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामीको हकमा** विचार गर्दा, यी प्रतिवादीहरुले महेन्द्रनगर नगर विकास समितिबाट प्रकाशित सूचना अनुसार जग्गा प्राप्त गर्न दिएको निवेदन अनुसार समितिको स्वामित्वमा रहेको जग्गाको तोकिएको मूल्य बुझाई जग्गा प्राप्त गरेको हो भनी आरोपित कसूरमा ईन्कार रही वयान गरेको देखिएको, समितिको नाममा रहेको जग्गा यी प्रतिवादीहरुको	बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामीको समेत संलग्नता रहेको मालपोत कार्यालय कन्चनपुरबाट प्राप्त निर्णय मिसिल समेतका कागजातबाट देखिन आई प्रस्तुत वारदातमा यी प्रतिवादीहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामी समेतको संलग्नता रहेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्याँकनको रोहमा त्रुटिपुर्ण भई वदरभागी छ। • **प्रतिवादी मदन दमाईको हकमाः-** तत्कालीन महेन्द्रनगर नगर विकास समितिबाट समितिको स्वामित्वमा रहेको जग्गा तत्कालीन समितिका अध्यक्षको एकल तोक आदेशको आधारमा भिमदत्त नगरपालिका वडा नं. ४ को कित्ता नं. ३०२५ को क्षेत्रफल ४२३ वर्गमिटर जग्गा, कित्ता नं. १३४१ को क्षेत्रफल ३५२.०० वर्गमिटर जग्गा, कित्ता नं. ११९६ को क्षेत्रफल ४२०.०० वर्गमिटर जग्गा अन्य प्रथम तहमा प्राप्त गर्ने प्रतिवादीहरुको नाममा आएकै मितिमा यी प्रतिवादी मदन दमाईको नाममा हकहस्तान्तरण भई उक्त जग्गाहरु कित्तकाट गरी अन्य प्रतिवादीहरुलाई बिक्री गरेको मालपोत कार्यालयको पत्रसाथ प्राप्त निर्णय मिसिल तथा स्रेस्ताबाट देखिन्छ । यसरी तत्कालीन महेन्द्रनगर नगर विकास समितिको जग्गा बिधि, प्रकृया तथा बोर्ड बैठकबाट गर्नु पर्नेमा समितिका अध्यक्ष तथा कर्मचारीहरुसँग मिलेमतो गरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा समितिलाई हानी पुर्याई व्यक्तिगत लाभ लिने उद्देश्यका साथ नगर विकास समितिबाट प्रथम तहमा अन्य व्यक्तिको नाममा दर्ता स्रेस्ता कायम गरी गराई सोही दिन वा सो को भोलिपल्ट उक्त जग्गाहरु आफ्नो नाममा कायम गरी गराई सो जग्गाहरु पछी पुनः कित्ताकाट गरी विभिन्न तहमा व्यक्तिहरुलाई बिक्री गर्ने, आफु खरिद गर्ने र पुनः बिक्री गर्ने कार्य गरेको र उक्त जग्गा प्रथम तहमा खरिद गरेका देखिएका जय बहादुर कामी, बेलुदेवी कामीले आयोग समक्ष गरेको बयानमा समेत उक्त जग्गाहरु खरिद गरेको सम्बन्धमा आफुलाई कुनै जानकारी नभएको निज मदन दमाईले उक्त जग्गाको निजहरुको नाममा दर्ता स्रेस्ता कायम गरेको दिन मालपोत कार्यालयमा नागरिकता र फोटो लिएर आउनु भनी बोलाई विभिन्न स्थानमा ल्याप्चे लगाई केही रकम दिएर पठाएको उक्त जग्गा आफुहरुको नाममा ल्याई पुनः मदन दमाईले आफ्नो नाममा कायम गरेको कुरा पछी मात्र थाहा भएको भनी उल्लेख गरेको समेतबाट निज मदन दमाईले आफुले अपराध लुकाउने उद्देश्यकासाथ नगर विकास समितिको जग्गा व्यक्तिको नाममा कायम गर्ने कार्यमा बिचौलिया एवम मतियारको भूमिकामा रही पहिलो तहमा खरिद गर्ने अन्य व्यक्तिको नाम देखाई आफु बिच तहमा रहेको देखाई जग्गा खरिद गरी पुनः बिक्री गरी सरकारी सार्वजानिक प्रकृतिको जग्गा व्यक्तिको नाममा कायम गरी गराई सार्वजानिक सम्पत्तिको हानी नोक्सानी गरेको स-प्रमाण पुष्टी हुन आई प्रस्तुत वारदातमा यी प्रतिवादी मदन दमाई समेतको संलग्नता रहेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्याँकनको रोहमा त्रुटिपुर्ण भई वदरभागी छ। • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको सावित महेन्द्रनगर नगरपालिका अन्तर्गतको कित्ता नं. ६४१, ३०२५, ७४, ११८०२, ७२३, १३४१ र ११९६ गरी जम्मा ७ (सात) कित्ता जग्गाहरुको जम्मा क्षेत्रफल २७२०.०४ वर्गमिटरको तत्कालिन न्यूनतम मुल्यांकन अनुसार रु. ८८,५२,२७३.५०। बराबरको जग्गा व्यक्ति विशेषको नाममा हक हस्तान्तरण गर्दा अपनाउनु पर्ने विधि र प्रक्रिया विपरीत व्यक्ति विशेषको नाममा दर्ता स्रेस्ता कायम गरी गराई सरकारी जग्गा व्यक्ती विशेषको नाममा दर्ता गरी गराई हानी नोक्सानी गरे गराएको देखिएकामा सो कार्यमा संलग्न तत्कालीन महेन्द्रनगर नगर विकास समितिका पदाधिकारीहरु र समितिमा कार्यरत कर्मचारीहरु उपरको आरोप दावी बमोजिमको कसूर ठहर गरी फैसला भएकोमा सो जग्गा दर्ता स्रेस्ता कायम गर्ने कार्यमा संलग्न मालपोत कार्यालयका कर्मचारी प्रतिवादीहरु कृष्ण कुमार निरौला, विशन सिंह थापा, शंकर बहादुर विष्ट, अशोक कुमार भण्डारी, दलजित भट्ट, जय बहादुर विष्ट, घनश्याम दत्त बिष्ट, गणेश बहादुर ऐर, नयन सिंह कुँवर, भीम सिंह

			अनिता गुप्ता, लक्ष्मी विष्ट, गिता देवी सिंह, फुन्नी कपाडी, जानकी कुमारी हमाल, पद्मादेवी ओझा, मान बहादुर थापा, गुमा देवी पन्त र लक्ष्मी देवी वडुवालको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम नगर विकास समितिको नाममा कायम हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको ।	निवेदन माग बमोजिम जग्गा वितरण गर्न मिल्ने/नमिल्ने सम्वन्धमा विचार गर्नुपर्ने दायित्व सम्वन्धित निर्णयकर्ताको हुन्छ। यी प्रतिवादीहरुको निवेदन माग बमोजिम यी प्रतिवादीहरुलाई जग्गा वितरण गरिएको भए पनि जग्गा वितरण गर्ने निर्णय प्रक्रियामा निज प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता भएको देखिन नआएकोले यी प्रतिवादीहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल र बेलुदेवी कामीले आरोपित कसुरबाट **सफाई पाउने ठहर्छ** ।	रावल, नरेन्द्र बहादुर ऐर, नमराज भट्ट, कित्ता काट प्रक्रियामा संलग्न नापी कार्यालयका कर्मचारी प्रतिवादीहरु मोहन चन्द ठकुरी र पुष्पराज जोशीको तथा प्रथम तहमा जग्गा खरिद गर्ने प्रतिवादीहरु लिलावती धामी, जय बहादुर कामी, महेश विष्ट, नवराज ऐर, जानकी चन्द, महेश प्रसाद दाहाल, बेलुदेवी कामी र मदन दमाई समेतको संलग्नता रहेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला सो हद सम्म त्रुटीपूर्ण भएकोलेउक्त फैसला उपर पुनरावेदन गर्ने।